जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १४ पृष्ठः ४ | २०८३ बैशाख १९ शनिबार (Saturday 02 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## ल फर्म विस्फोट घटनामा लेखापढी व्यवसायी कारागार चलान




मणिलाल विश्वकर्मा

सिरहा, १८ वैशाख। जिल्ला सदरमुकाम सिराहास्थित ल फर्ममा भएको विस्फोटको घटनामा संलग्न रहेको आरोपमा पक्राउ गरिएका सोही फर्ममा काम गर्ने लेखापढी व्यवसायी पुर्पक्षका लागि कारागार चलान भएका छन्। सिराहा जिल्ला अदालतका न्यायाधीश ओमबहादुर सोडारीको एकल इजलासले बिहीबार दिएको आदेशबमोजिम करिब २९ वर्षीय गुमस्ताकुमार यादव कारागार चलान गरिएका हुन्। सिराहाको सुखीपुर नगरपालिका- ३, लक्ष्मीनिया घर भएका यादवविरुद्ध जिल्ला अदालतमा १४ वैशाखमा दर्ता भएको बम विस्फोट गराई ज्यान मार्ने उद्योगअन्तर्गतको मुद्दामा बिहीबार भएको तेस्रो पूरक पेसीमा कारागार पठाइएको हो।

सिराहा नगरपालिका- १ स्थित जिल्ला अदालतअगाडि जिल्ला अदालत बार एसोसिएसनको कार्यालय रहेको दुईतले भवनको भुइँतलाको सटरमा अधिवक्ता मधुसुदनप्रसाद यादवले चलाइरहेको कामधेनु ल फर्ममा गत २७ फागुनमा प्रेसरकुकर बम विस्फोट भएको थियो। उक्त घटनामा संलग्न रहेको आशंकामा प्रहरीले ३ चैतमा यादवलाई पक्राउ गरेको थियो।

विस्फोटको घटनामा संलग्न रहेका प्रमाणहरू भेटिएपछि पक्राउ गरिएका यादवलाई हिरासतमा राखेर प्रहरीले अनुसन्धान सकेर जिल्ला सरकारी वकिल कार्यालयमार्फत मुद्दा दायर गरेको थियो। उक्त घटनामा सोही फर्ममा काम गर्ने सिराहा नगरपालिका- १ घर भएका सौरभ यादव हातको औँला र खुट्टामा चोट लागेर सामान्य घाइते भएका थिए। विस्फोटमा फर्ममा रहेका कम्प्युटर, फर्निचरलगायतका सामग्रीमा पनि क्षति पुगेको थियो।

## ट्याक्टरको ठक्करबाट छोरीको मृत्यु, बाबु घाइते

**जनार्जन खत्री**

सर्लाही, १८ बैशाख। सर्लाहीको लालबन्दी नगरपालिका-४, हरिभवनमा शुक्रबार दिउँसो ट्याक्टरको ठक्करबाट छोरीको मृत्यु भएको छ भने बाबु गम्भीर घाइते भएका छन्। शुक्रबार दिउँसो २:३० बजे भीषण वर्षा भइरहेको समयमा हरिपुरतर्फबाट लालबन्दी आउँदैगरेको सेफ्टी ट्याङ्की जडान गरिएको ना ५ त ३११३ नम्वरको ट्याक्टरले ठक्कर दिँदा हरिभवन निवासी सन्तोष भट्टराईकी छोरी छ वर्षीया अन्सु भट्टराईको मृत्यु भएको हो। बुवा सन्तोषले चलाएको साइकल पछाडि सवार अन्सुको ट्याक्टरको ठक्करबाट घटनास्थलमै मृत्यु भएको छ।

दुर्घटनामा साइकल चालक सन्तोषसमेत घाइते हुनुभएको छ। उहाँको लालबन्दीस्थित मोडेल अस्पतालमा उपचार चलिरहेको इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी निरीक्षक ( इन्स्पेक्टर) वीरेन्द्रसिंह जोहारीले जानकारी दिनुभयो। मृतक बालिकाको शव भने पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवा पठाइएको छ। दुर्घटनामा संलग्न ट्याक्टर र त्यसका चालक लालबन्दी नगरपालिका -१७, रानिगन्जका ५० वर्षीय दुर्गामान थोकरलाई नियन्त्रणमा लिइएको इन्स्पेक्टर जोहारीले बताउनुभयो।

## रिंकुकुमारी हत्या प्रकरणः वडा सदस्यसहित १४ जनालाई कैद सजाय

सिरहा, १८ वैशाख। सिरहाको नवराजपुर गाउँपालिका-१ भगवतीपुरकी १७ वर्षीया रिंकुकुमारी सदायको सामूहिक बलात्कार र त्यसपछिको शङ्कास्पद मृत्युसम्बन्धी घटनामा सिरहा जिल्ला अदालतले फैसला सुनाएको छ। मुद्दा दर्ता भएको १३ महिना १० दिनपछि जिल्ला अदालतका मुख्य न्यायाधीश डा श्रीप्रकाश उप्रेतीको एकल इजलासले वडासदस्यसहित १४ जनालाई दोषी ठहर गर्दै कैद र जरिवानाको सजाय सुनाएको अदालतका सूचना अधिकारी तथा प्रशासकीय अधिकृत राधेश्याम यादवले जानकारी दिए। अदालतले बलात्कारमा संलग्न, सहयोगी र घटना लुकाउन पञ्चायती गर्नेहरूलाई फरक-फरक सजाय तोकेको छ।

घटना लुकाउन पञ्चायती गर्ने वडासदस्य नथुनी साह, रामकृपाल मण्डल, विन्देश्वर साह र रामदेव सदायसहितका प्रतिवादीहरूलाई मुलुकी अपराध संहिताबमोजिम जनही आठ महिना कैद र रु सात हजारका दरले जरिवानाको फैसला सुनाएको छ। जनप्रतिनिधिको ओहदामा रहेर पनि अपराधलाई प्रश्रय दिएको र कानुनी प्रक्रियामा बाधा पुर्‍याएको ठहर गर्दै वडा सदस्य साहलाई भने थप छ महिना कैद सजाय तोकिएको छ। त्यसैगरी, घटनामा प्रत्यक्ष संलग्न रहेका तीन नाबालकलाई पनि अदालतले दोषी ठहर गरेको छ। न्याय निरूपणका क्रममा अदालतले पीडित परिवारको क्षतिपूर्तिलाई प्राथमिकतामा राखेको छ। जसअनुसार, दोषी ठहरिएका प्रतिवादीहरूबाट जनही रु ३५ हजारका दरले पीडितको हकवालालाई क्षतिपूर्ति भराउनुका साथै तोकिएको थप क्षतिपूर्ति शुल्कसमेत बुझाउनुपर्ने आदेश गरेको छ।

२०८१ साल माघ २७ गते राति शौच गर्न घरबाहिर निस्केकी रिंकुलाई स्थानीय तीन जना युवकले नियन्त्रणमा लिई सामूहिक बलात्कार गरेका थिए। पीडा र चोटका साथ भोलिपल्ट बिहान ३:०० बजे घर आइपुगेकी रिंकुले आफ्नी आमालाई घटनाबारे जानकारी गराएकी थिइन्। तर, यो जघन्य अपराधलाई प्रहरीसम्म पुग्न नदिई गाउँमै गुपचुप राख्ने प्रयास गरिएको थियो।

घटनाको भोलि र पर्सिपल्टअर्थात् माघ २९ र ३० गते स्थानीय वडा सदस्य नथुनी साहको रोहवरमा दुई पटक 'पञ्चायती' बस्यो। पञ्चायतीले दोषीहरूलाई रु एक लाख ५१ हजार जरिवाना तिराएर घटना सामसुम पार्ने निर्णय गरेको थियो। तर, जरिवानाको रकम बाँडफाँटमा विवाद भएपछि कुरा मिलेन। सोही दिन (माघ ३० गते) रिंकु आफ्नै घरमा झुण्डिएको अवस्थामा मृत फेला परेकी थिइन्। बाहिरबाट ढोका बन्द भएको अवस्थामा शव भेटिएकाले उनको मृत्युलाई सुरुदेखि नै शङ्कास्पद मानिएको थियो।




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्ट्राचारविरूद्ध सम्बन्धित निकायमा उजुरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गाँजासहित दुईजना पक्राउ

जनकपुरधाम, १७ बैशाख। धनुषा प्रहरीलेकरिब १३७ किलोग्राम प्रतिवन्धित लागु औषध गाँजासहित दुईजनालाई नियन्त्रणमा लिएको छ। मुखियापट्टी मुसहरनियाँ गाउँपालिका ६ बाट उक्त परिमाणको गाँजासहित स्थानीय २५ वर्षीय गणेश कुमार यादव र ४२ वर्षीय जितेन्द्र कुमार यादवलाई शुक्रवार पक्राउ गरेको हो। जिल्ला प्रहरी कार्यालय धनुषासमेतबाट खटिएको प्रहरीले बिआर ३२ डि ५८९२ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त गाँजा सहित फेला पारी पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# सम्पादकीय

## मोतियाविन्दुमुक्त अभियानले ल्यायो उज्यालो

लहान नगरपालिका-१७ का हरि सदा र हिरा चौधरी जस्ता ज्येष्ठ नागरिकको जीवनमा फर्किएको उज्यालो केवल व्यक्तिगत सुखको कथा होइन, यो स्थानीय सरकारको उत्तरदायित्व, दूरदृष्टि र प्रभावकारी कार्यान्वयनको सशक्त उदाहरण हो। आर्थिक अभावका कारण वर्षौँसम्म अन्धोपनको पीडा सहन बाध्य नागरिकहरूलाई निःशुल्क आँखा जाँच र शल्यक्रियाको सुविधा उपलब्ध गराउनु सामाजिक न्यायको उत्कृष्ट अभ्यास हो।

नेपालजस्तो विकासोन्मुख मुलुकमा स्वास्थ्य सेवा अझै पनि सबै नागरिकको पहुँचमा पुग्न सकेको छैन। विशेषतः ग्रामीण तथा विपन्न समुदायका लागि सामान्य उपचारसमेत महँगो सावित हुन्छ । यस्तो अवस्थामा लहान नगरपालिकाले 'मोतियाविन्दुमुक्त नगर' बनाउने लक्ष्यसहित सञ्चालन गरेको अभियानले स्वास्थ्य क्षेत्रमा नयाँ आशा जगाएको छ। सगरमाथा चौधरी आँखा अस्पतालसँगको सहकार्यमा सञ्चालन गरिएका शिविरहरूले गाउँमै सेवा पुऱ्याएर नागरिकको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याएको छ।

यो कार्यक्रमको विशेषता भनेको केवल रोग पहिचानमा सीमित नभई उपचारसम्मको सम्पूर्ण प्रक्रिया नगरपालिकाले जिम्मा लिनु हो। बिरामीलाई घरदेखि अस्पतालसम्म ल्याउने व्यवस्था, निःशुल्क शल्यक्रिया, औषधि तथा चस्मा वितरणजस्ता कार्यले यसलाई समग्र र प्रभावकारी बनाएको छ। सामान्यतया हजारौँ रुपैयाँ लाग्ने उपचार निःशुल्क उपलब्ध गरिनु आफैँमा ठूलो राहत हो।

तथ्याङ्कले पनि यस अभियानको प्रभाव स्पष्ट पार्छ। पछिल्ला तीन वर्षमा हजारौँ नागरिकको आँखा जाँच हुनु र हजारौँले निःशुल्क शल्यक्रिया तथा उपचार पाउनु सानो उपलब्धि होइन। यसले केवल दृष्टि फर्काएको छैन, नागरिकको आत्मविश्वास र जीवनप्रतिको आशा पनि पुनर्जीवित गरेको छ।

तर, यस्तो अभियानलाई दीर्घकालीन रूपमा सफल बनाउन निरन्तरता र विस्तार आवश्यक छ। अझै धेरै नागरिक उपचारबाट वञ्चित हुन सक्ने भएकाले बाँकी वडामा पनि छिटो र प्रभावकारी रूपमा कार्यक्रम विस्तार गर्नुपर्ने देखिन्छ। साथै, अन्य स्थानीय तहहरूले पनि यस मोडललाई अनुकरण गर्न सकेमा देशव्यापी रूपमा अन्धोपन न्यूनीकरणमा ठूलो योगदान पुग्न सक्छ।

अन्ततः, लहान नगरपालिकाको यो प्रयास केवल स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रम मात्र होइन, यो मानवताको उज्यालो फैलाउने अभियान हो। आर्थिक अभावका कारण कोही पनि नागरिकले दृष्टि गुमाउन नपरोस् भन्ने सोचले अघि बढेको यस्तो पहलले राज्यप्रति नागरिकको विश्वास अझ मजबुत बनाउनेछ। अब आवश्यक छ— यस्ता सफल अभ्यासलाई निरन्तरता दिँदै अझ व्यापक बनाउने, ताकि देशका हरेक कुनामा बस्ने नागरिकले पनि उज्यालो भविष्य देख्न सकून्।

# अवैध स्वास्थ्य संस्था अझै सञ्चालनमा

सर्लाही,१८ वैशाख। सर्लाहीमा केही दिनयतादेखि स्वास्थ्य संस्थाको अनुगमन भइरहेको छ। गोरखापत्रसहित विभिन्न सञ्चार माध्यममा एक वर्षअघि तत्कालीन मुख्यमन्त्री सतीशकुमार सिंहले अवैध भन्दै बन्द गराएको स्वास्थ्य संस्था अहिले निर्बाध सञ्चालन भइरहेकाबारे समाचार प्रकाशित भएपछि सरोकारवाला निकायले अनुगमन तीव्र पारेका हुन्। त्यस क्रममा एक साताको अवधिमा सदरमुकाम मलङ्गवा, बरहथवा, नवलपुर र हरिवनका दुई दर्जन स्वास्थ्य संस्था अवैध रहेको भन्दै सिल गरिएको छ।

जिल्ला प्रशासन कार्यालय सर्लाहीको अगुवाइमा भइरहेको स्वास्थ्य संस्थाको अनुगमनमा स्वास्थ्य कार्यालय, प्रादेशिक अस्पताल मलङ्गवा र सम्बन्धित पालिकाका स्वास्थ्यकर्मी तथा प्रतिनिधि सहभागी भइरहेका छन्। सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले अधिकांश स्वास्थ्य संस्थाले ऐन, कानुन पालना नै नगरेको र चरम लापर्बाही गर्ने गरेको फेला परिरहेको बताउनुभयो।

बजार क्षेत्रमा नियामक निकायको निगरानी हुने डरले भित्री बस्तीमा अवैध स्वास्थ्य संस्था खोलेर ठगी गर्ने गरेको पाइएको सहायक प्रजिअ घिमिरेले बताउनुभयो। "नवलपुर र मलङ्गवा त अवैध स्वास्थ्य संस्थाको हब नै रहेछ," सहायक प्रजिअ घिमिरेले गोरखापत्रसँग भन्नुभयो, "हामीलाई जहाँ जहाँबाट गुनासो आएका छन्, ती सबै ठाउँमा पुगेर अनुगमन गरिरहेका छौँ।"

सहायक प्रजिअ घिमिरे नेतृत्वको टोलीले बुधबार मात्र लालबन्दी नगरपालिका–२, जुटपानीमा अवैध स्वास्थ्य संस्था खोलेर अवैध रूपमा गर्भपतन गराउने गरेको फेला पारेको छ। नवलपुर बजारदेखि करिब एक

–बाँकी तीन पेजमा

# लोकतान्त्रिक जागरण र नवयुवा

### यस्तो दायित्व बोकेको युवा वर्गले आफूलाई नैतिक र जिम्मेवार ढङ्गले प्रस्तुत गर्नु अनिवार्य सर्त हो

**विपुल पोखेल**

सन् १९८९-१९९१ ताका नयाँ जागरणसहित विश्वमा लोकतन्त्रको लहर चल्यो। थुप्रै मुलुकले लोकतान्त्रिक अभ्यासको बाटो रोजे। कतिपय देशमा लोकतन्त्र स्थापना भयो भने कतिपयमा पुनःस्थापना। नेपालमा पनि विक्रम संवत् २०४६ मा बहुदलीय प्रजातन्त्रको पुनःस्थापना भयो। लोकतन्त्रवादीहरूका लागि त्यो कालखण्ड उमङ्गको समय थियो। तर, अहिले लोकतन्त्रवादीहरूमा त्यो उत्साह देखिँदैन। बरु घोर निराशाले उनीहरूलाई घेरिरहेको भान हुन्छ। लोकतन्त्रको जागरणको त्यस अवधिदेखि अहिलेसम्म आइपुग्दा फेरि पनि अप्रत्याशितरूपमा लोकतन्त्रप्रति नै मानिसहरूमा एक प्रकारको नैराश्य र वितृष्णा जाग्नु आफैँमा अत्यन्त गम्भीर विषय हो।

एउटा स्पष्ट कुरा के हो भने यो नैराश्य लोकतन्त्रको दर्शन वा सिद्धान्तका कारण उब्जिएको होइन। यो त लोकतन्त्रको अभ्यासमा देखिएको विचलन, स्वार्थ समूहहरूको हालीमुहाली र नागरिकका अपेक्षाहरूलाई सम्बोधन गर्न नेतृत्वले देखाएको अक्षमताको उपज हो। आजको यो सङ्कटपूर्ण घडीमा लोकतन्त्रको विकल्प खोज्नु भनेको फेरि पनि अन्धकार युगतिर फर्कनु हो। त्यसैले, लोकतन्त्रको यो संकुचनलाई चिर्न र नयाँ पुस्ताको भविष्य सुनिश्चित गर्न लोकतान्त्रिक मूल्य मान्यताको नवीन जागरण अपरिहार्य देखिएको छ।

लोकतन्त्र आवधिक निर्वाचन वा बहुमतको शासनमात्र नभएर नागरिकको अपनत्वमा निर्माण हुने एउटा जीवन्त पद्धति हो। जब लोकतन्त्रको विकल्पमा अन्य कुनै प्रणालीको खोजी गरिन्छ त्यहाँ राष्ट्र निर्माणको प्रक्रियामा नागरिकको सहभागिता र अपनत्व हराउँछ। नागरिकको अपनत्वबिनाको राष्ट्रले कहिल्यै पनि आत्मबल प्राप्त गर्न सक्दैन। इतिहास साक्षी छ— जब जब समाजले व्यवस्थाभित्र समाधान खोज्नुको सट्टा कुनै 'अलौकिक नायक' खोज्न थाल्छ तब लोकतन्त्रको जरा काटिन सुरु हुन्छ। कसैलाई नायक मान्ने र उसैको भर पर्ने प्रवृत्तिले अन्ततः व्यक्तिलाई शक्तिशाली र संस्थालाई कमजोर बनाउँछ।

कुनै व्यक्तिले आफूलाई व्यवस्थाभन्दा माथि राख्न थाल्यो भने ऊ बिस्तारै तानाशाही अभ्यासमा लिप्त हुन पुग्छ। तानाशाहीको उदय हुनु राज्य र जनताबीचको दूरी बढ्नु हो। यस्तो अवस्थामा सत्तासीनहरू विलासी जीवन र शक्ति सञ्चयमा केन्द्रित हुन्छन् भने सामान्य नागरिक झनै कमजोर र उपेक्षित बन्दै जान्छन्। यो चक्रले फेरि पनि जनतामा आक्रोश र निराशा पैदा गर्छ र अन्ततः ठूलो विद्रोहको रूप लिन्छ। तर, त्यस्ता विद्रोहले गर्ने क्षति र त्यसपछि उत्पन्न हुने अस्थिरताले मुलुकलाई दशकौं पछाडि धकेल्ने जोखिम रहन्छ। त्यसैले, विद्रोहको कोलाहलभन्दा लोकतन्त्रको सुदृढीकरण नै आजको सुरक्षित मार्ग हो।

यसैले लोकतन्त्रका पक्षधरहरू अब रक्षात्मक भएरमात्र पुग्दैन बरु आक्रामकरूपमा यसको सुधार र जनमत वृद्धिका लागि कार्य गर्न अगाडि सर्नुपर्छ। अविश्रान्त लोकतन्त्रवादी नेता शैलजा आचार्यको एउटा भनाइ छ– "म राजनीतिमा चुनाव जित्न वा मन्त्री हुन मात्र आएकी होइन। म त एउटा यस्तो संस्कार बसाल्न आएकी हुँ जहाँ सत्य बोल्न कसैले डराउनु नपरोस्।" सत्य बोल्न सक्ने र त्यसो गर्दा कसैसँग डराउनु नपर्ने संस्कार बसाल्न नसक्दाकै परिणाम हो लोकतन्त्रको वर्तमान अवस्था।

लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष नै यसभित्र नागरिकका गुनासा सुन्ने धैर्य र ती गुनासालाई सम्बोधन गर्ने सामर्थ्य हुनु हो। नेतृत्वले भाषणमामात्र होइन व्यवहारमा पनि नागरिकका पीर मर्का सुन्ने र तिनलाई नीतिगतरूपमा हल गर्ने क्षमता प्रदर्शन गर्नुपर्छ। नागरिकलाई केन्द्रविन्दुमा राखेर गरिने अभ्यास नै वास्तविक लोकतन्त्र हो। यस प्रणालीमा कुनै खिया लागे वा समस्या देखिए त्यसलाई फाल्ने औषधि पनि लोकतन्त्रभित्रै हुन्छ। विधिको शासन यस प्रणालीको मूल दर्शन हो। जब कानुनको अगाडि सबै समान हुन्छन् र शक्ति सन्तुलनको सिद्धान्तले काम गर्छ तब नागरिकमा भरोसा जाग्छ। आजको आवश्यकता विधिको शासनप्रति नेतृत्वको पूर्ण प्रतिबद्धता र त्यसको सही अभ्यास हो जसले नागरिकलाई 'राज्य मेरो अभिभावक हो' भन्ने विश्वास दिलाउन सकोस्।

यतिबेला हामी प्रविधिको उच्चतम र अप्रत्याशित विकासको युगमा छौँ। प्रविधिले संसारलाई एउटा सानो गाउँमा सीमित गरिदिएको छ। तर, यही प्रविधि कहिलेकाहीँ लोकतन्त्रका लागि चुनौती पनि बनिरहेको छ। सामाजिक सञ्जालमा छरिने भ्रम र घृणास्पद अभिव्यक्तिले लोकतान्त्रिक बहसलाई कुरूप बनाइरहेका छन्। अबको चुनौती भनेको प्रविधिलाई सभ्य समाज निर्माणको औजार बनाउनु हो।

लोकतन्त्रलाई एउटा राजनीतिक प्रणालीका रूपमा मात्र बुझ्नु अपूर्ण हुन्छ। यो त एउटा सुसंस्कृत जीवन पद्धति पनि हो। प्रविधिमार्फत वैश्विक अभियान सञ्चालन गरेर लोकतन्त्रका विशेषता, मानव अधिकार र नागरिक स्वतन्त्रताका आयामहरूमाथि सुसंस्कृत र मर्यादित बहस सञ्चालन गर्नु आजको प्राथमिक आवश्यकता हो। प्रविधिसँगै हुर्किएको नयाँ पुस्ताले यसलाई मनोरञ्जनको साधनमात्र नठानी लोकतन्त्रको रक्षा गर्ने कवचका रूपमा प्रयोग गर्नुपर्छ।

कुनै पनि शासन व्यवस्थामा स्वार्थ समूहहरू सलबलाउनु स्वाभाविक हो। लोकतन्त्रको उदार चरित्रले यस्ता समूहहरूलाई खेल्ने ठाउँ दिन्छ तर यसको अर्थ उनीहरूलाई राज्य संयन्त्रमाथि प्रभुत्व कायम गर्न दिनु होइन। परिपक्व ढङ्गले तयार गरिएका कानुनी प्रावधान र व्यावहारिक प्रबन्धहरूले यस्ता स्वार्थ समूहलाई निरुत्साहित गर्न सकिन्छ। पारदर्शिता र जवाफदेहीलाई लोकतन्त्रको मुटु बनाउन सकियो भने स्वार्थ समूहहरूको प्रभाव स्वतः कम हुँदै जान्छ। यसका लागि नागरिक समाज र सञ्चार माध्यमको भूमिका झनै सशक्त हुन जरुरी छ।

अबको नयाँ पुस्ताले लोकतन्त्रलाई नवीन ढङ्गले बुझ्न र बुझाउनुपर्छ। विद्रोह र आन्दोलनको पुरानो शैलीभन्दा माथि उठेर प्रविधिको असल अभ्यासका माध्यमबाट नागरिकलाई आश्वस्त पार्ने बेला आएको छ। प्रविधिलाई राज्यप्रदत्त सेवासुविधाहरू सहज बनाउने, भ्रष्टाचार न्यूनीकरण गर्ने र अवसरहरूलाई न्यायोचित वितरण गर्ने माध्यमका रूपमा विकास गरिनुपर्छ। जब एउटा युवाले आफ्नो मोबाइलबाटै राज्यको सेवा सहजै प्राप्त गर्छ र आफ्ना कुरा सुनिएको महसुस गर्छ तबमात्र उसमा लोकतन्त्रप्रति विश्वास पलाउँछ। युवा नै अब यो प्रणालीलाई पुनर्जीवन दिने वाहक हुनुपर्छ। किनभने लोकतन्त्रको सुदृढीकरण नै उनीहरूको सुखद र स्वतन्त्र भविष्यको एकमात्र आधार हो।

युवा पुस्ताले यसलाई वास्ता गरेन र लोकतन्त्र कमजोर हुँदै गयो भने उनीहरूको भविष्य फेरि पनि तानाशाहीको अन्धकार चक्रव्यूहमा फस्ने निश्चित छ। तानाशाहीमा न त विचारको स्वतन्त्रता हुन्छ न त प्रतिभाको कदर नै। त्यहाँ आदेशको पालना र त्रासको शासन हुन्छ।

स्विडेनको गोटेनबर्ग विश्वविद्यालयमा आधारित 'भेराइटी अफ डेमोक्रेसी' (भी–डेम) ले हालै सार्वजनिक गरेको प्रतिवेदनमा लोकतन्त्रको अवस्था सन् १९८७ को जस्तो कमजोर बिन्दुमा पुगेको देखिएको छ। यसले विश्वभरका लोकतन्त्रप्रेमीहरूलाई झस्काएको हुनुपर्छ। चिन्ता यतिमात्र होइन। विडम्बना के छ भने– सन् १९८७ ताका विश्वमा लोकतन्त्रको पक्षमा एउटा ठूलो जनलहर सृजना हुँदै थियो, मानिसहरू निरंकुशताको साङ्लो चुँडालेर खुला आकाशमा सास फेर्न आतुर थिए। तर आज, झन्डै चार दशकपछि आइपुग्दा नागरिकहरू लोकतन्त्रप्रति निराश छन्। भी–डेमको प्रतिवेदनले हामीलाई सचेत गराएको छ – लोकतन्त्रलाई कहिल्यै पनि 'टेकेन फर ग्रान्टेड' का रूपमा लिनु हुँदैन। यसलाई गलत अभ्यासबाट जोगाउँदै निरन्तरको असल अभ्यास र निष्ठाले सिँच्नुपर्छ।

लोकतान्त्रिक मूल्यमान्यतामा उभिएको सबल समाज निर्माणका लागि नागरिक शिक्षालाई गाउँगाउँसम्म पुऱ्याउनुपर्छ। प्रविधिमार्फत गरिने जागरणले नागरिकलाई आफ्नो अधिकारसँगै कर्तव्यको पनि बोध गराउनुपर्छ। सूचनाको हकको प्रभावकारी प्रयोगले शासन व्यवस्थालाई पारदर्शी बनाउँछ जसले अन्ततः लोकतन्त्रप्रति जनविश्वास बढाउँछ। डिजिटल साक्षरता र डिजिटल लोकतन्त्र (ई–डेमोक्रेसी) का अवधारणालाई आत्मसात् गर्दै हामीले एउटा यस्तो समाजको परिकल्पना गर्नुपर्छ जहाँ हरेक नागरिकले आफूलाई राज्यको निर्णायक हिस्सा ठान्न सकोस्।

यस्तो दायित्व बोकेको युवा वर्गले आफूलाई नैतिक र जिम्मेवार ढङ्गले प्रस्तुत गर्नु अनिवार्य सर्त हो। शैलजा आचार्यको अर्को एउटा भनाइ यहाँ स्मरण गर्नु सान्दर्भिक हुन्छ। उनले भनेकी छन्– "भविष्यका लागि सपना देख्ने युवाले पहिले आफ्नो चरित्र निर्माण गर्नुपर्छ। चरित्रहीन युवाशक्तिले निर्माण गरेको राष्ट्र कहिल्यै बलियो हुन सक्दैन।" लोकतन्त्रले सधैँ चरित्रवानहरूबाट असल अभ्यासको अपेक्षा गरिरहेको हुन्छ र खराबहरूबाट जोगिने चाहना राख्छ। यही कारण हो कि लोकतन्त्र सधैँ आफूलाई विधिको शासनको सुनिश्चितता भएको राजनीतिक प्रणालीका रूपमा परिचित गराउन चाहन्छ।

लोकतन्त्र कुनै तयारी वस्तु नभएर अनन्त यात्रा हो। यो यात्रामा उतारचढाव आउनु स्वाभाविक हो तर बाटो नै बदल्नु भनेको दुर्घटनालाई निम्तो दिनु हो। वर्तमानको चुनौती चिर्न नेतृत्वमा नैतिक बल, नागरिकमा सचेतना र युवामा नयाँ दृष्टिकोण (भिजन) को आवश्यकता छ। प्रविधिको यो अभूतपूर्व विकासलाई लोकतन्त्रको जागरणसँग जोड्दै, सुसंस्कृत बहस र असल अभ्यासका माध्यमबाट हामीले एउटा यस्तो राष्ट्र निर्माण गर्नुपर्छ जहाँ नागरिकको आत्मबल उच्च होस्। तानाशाहीको छायाबाट जोगिँदै लोकतन्त्रको पुनरुत्थान नै अबको समृद्ध नेपाल र सुन्दर विश्वको आधार हुनेछ। नयाँ पुस्ताले यो जिम्मेवारी गर्वका साथ काँधमा उठाउनुपर्छ। उनीहरूको स्वतन्त्रता र भविष्य यसैमा सुरक्षित छ।

लोकतन्त्रको विकल्प अझ परिष्कृत लोकतन्त्रमात्र हुन सक्छ अरू होइन। नागरिकको विश्वास जितेर, प्रविधिको सही प्रयोग गर्दै र विधिको शासनलाई सर्वोपरि राखेरमात्र हामीले लोकतन्त्रलाई समयसमयमा आउने जोखिमपूर्ण अवस्थाबाट जोगाउन सक्छौँ। यो नै आजको युगको माग र हाम्रो साझा दायित्व हो। बाह्रखरीबाट

# टेण्डर बोलपत्र आह्वान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३-१-१८**

राष्ट्रिय कृषक समूह महासंघ नेपालद्वारा केयर नेपालसँगको साझेदारीमा संचालन भईरहेको Nurture every Future पोषण परियोजना अन्तर्गत सिरहा जिल्ला सखुवानन्कारकटी वडा नं. ३ स्थित राधाकृष्ण बहुउदेश्यीय सहकारी संस्था लिमिटेड र सप्तरी जिल्ला अग्नीसाईर कृष्णसवरण गाउँपालिका वडा नं. ६, महुली स्थित आदर्श बहुमुखी दुग्ध उत्पादक सहकारी संस्था लि. द्वारा दुध संकलन केन्द्र स्थापना गर्नुपर्ने भएकोले मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक डेरी सम्बन्धि सामग्रीहरु आपूर्ति गर्न सक्ने योग्य तथा इच्छुक आपूर्तिकर्ताहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ औ दिन (२०८३–वैशाख २४ गते विहिबार दिउँसो २ :०० बजे भित्र तपसिलको शर्त बमोजिम आपूर्तिकर्ताहरुको लेटर प्याडमा दरभाउ तथा शर्तनामाहरु खुलाई कार्यालयमा उपस्थित भई वा ईमेल ठेगाना nfgfmadeshpradesh2075@gmail.com मार्फत टेण्डर वोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल बमोजमका सामग्रीहरु**

| क्र. सं. | सामग्रीको नाम | विवरण/स्पेसिफिकेशन | परिमाण | प्रति ईकाई दर भाउ रु. (अंशकमा) | प्रति ईकाई दर भाउ रु. (अक्षरमा) | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | दूध चिलिङ भ्याट (Bulk Milk Cooler) | ५०० लिटर क्षमता, ss 304 सिंगल फेज | 1 | | | |
| 2 | दूध चिलिङ भ्याट (Bulk Milk Cooler) | **Capacity & Type:** 2000L Open Type, Semi-Circular Shape with SS 304 Food Grade internal tank 1.5mm thick<br>**Chilling System:** Direct Expansion with SS 304L laser welded dimpled/ pillow plate evaporator<br>**Insulation:** 75mm machine injected polyurethane foam with SS 304 outer cover 1.2mm matt finishAgitation*: Geared motor 40rpm with SS 304 agitator blade + 38mm SS 304 butterfly milk outlet valve<br>**Control Panel:** SS 1.2mm dust & moisture proof box with Sub Zero 7510T or equivalent temperature controller<br>**Protection:** Voltage protection relay for under/over voltage, frequency, phase failure, phase asymmetry & sequence<br>**Refrigeration:** 4 Ton capacity with Invotech Original compressor, 1 unit, using R404a refrigerant<br>**Condenser:** Air cooled copper tube with anti-corrosive blue fins, noise suppressing asymmetric fan, compact design<br>**Power:** 380-420V, 3-Phase, 50Hz with 4.1 kW/hr total power consumption + LP/HP pressure control switches<br>**Standards:** ISO 9001:2015 Certified, Manual CIP provision, 1-2 year warranty against manufacturing defects. | 1 | | | |
| 3 | दूध चिलिङ भ्याट (Bulk Milk Cooler) | **Capacity :** 2500 Ltr<br>**Material:** Stainless Steel 304<br>**Refrigeration:** 4 Ton x 2 (8 Ton)<br>**Compressor:** Emerson Brand BMC<br>**Cover/Lid:** Double Layer/ Insulated<br>**Design:** Spherical /round/Rectangular<br>**Insulation Thickness:** 80-100mm Temp. Range: 35 > 4 Degree C<br>**Thickness:** 2MM / 1.5MM PUFF Power: Three Phase Min Warranty: 2-3 years<br>**Control panel board :** contractors /Overload relay/digital controller temperature /Voltage protection /MCB<br>**Protection:** Voltage protection relay for under/over voltage, frequency, phase failure, phase asymmetry & sequence<br>**Standards:** ISO 9001:2015 Certified, Manual CIP provision, 1-2 year warranty against manufacturing defects. | 1 | | | |
| 4 | दूध चिलिङ भ्याट (ss 304) | 40 लिटर क्षमता | 20 | | | |
| 5 | दूध चिलिङ भ्याट (ss 304) | 5 लिटर क्षमता | 100 | | | |
| 6 | जेनरेटर सेट | 5 के.भी.ए., डिजेल | 1 | | | |
| 7 | स्टेबलाइजर / भोल्टेज कन्ट्रोल | 5 के.भी.ए., | 1 | | | |
| 8 | अटोमेटिक मिल्क एनालाइजर | फ्याट, SNF, डेनसिटी मापन | 1 | | | |

१. बोलपत्र पेशगर्दा फर्म दर्ता प्रमाण–पत्रको प्रतिलिपि १थान, फर्म भ्याटमा दर्ता भएको प्रमाण–पत्रको प्रतिलिपि १थान, आर्थिक वर्ष २०८१–०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि १ थान व्यावसायीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी १ थान, बैक खातानं., सम्पर्कनं., ईमेल ठेगाना संलग्नगरी पेशगर्नु पर्नेछ। शिलबन्दी बोलपत्रको खाम बाहिर बोलपत्रदाताको नाम, ठेगाना, सम्पर्कनम्बर तथा फर्मको छाप अनिवार्य हुनुपर्नेछ। बोलपत्र फारम खामबन्दगरी लाहा छापले शिलबन्द गरिएको हुनु पर्नेछ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न बाध्य हुने छैन।

२. बोलपत्र फाराममा उल्लेखित प्रत्येक सामग्रीको दररेट माथि उल्लेखित सहकारीहरुको तोकिएको स्थान सम्म ढुवानी गरि जडान समेतको दर भाउ अंक र अक्षर दुबैमा स्पष्ट लेखिएको हुनुपर्नेछ। अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन।

३. म्यादनाघी वा रितनपूगीआएका बोलपत्र उपर कुनै कारबाही हुने छैन। थप जानकारी आवश्यक परेमा तल उल्लेखित फोन नम्बरमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

४. तोकिएको मिति भित्र प्राप्त भएका शिलबन्दी टेन्डर मिति २०८३ साल वैशाख २४ गते दिउँसो ४:०० बजे संस्थाको कार्यालयमा खोलिने छ। टेण्डर खोल्दा आपूर्तीकर्ताहरुको तर्फबाट प्रतिनिधिको उपस्थिति हुनेछ। प्रतिनिधहरुको उपस्थिति नभए पनि तोकिएको मिति र समयमा टेण्डर खोल्न कुनै बाधा पर्ने छैन। वोलपत्र स्वीकृत भई सम्झौता भएको अधिकतम अधिकतम १ हप्ता भित्रमा सामग्रीहरु आपूर्ती गरि जडान गरि सक्नु पर्ने छ।

५. अन्य शर्तनामाहरु राष्ट्रिय कृषक समूह महासंघ नेपालको सामग्री खरिद नीति नियमावली र नेपाल सरकारको प्रचलीत कानून बमोजिम हुनेछ। सर्वाधिकार राष्ट्रिय कृषक समूह महासंघ नेपालमा नीहित रहेको छ।

**बोलपत्र प्राप्त गर्ने, पेश गर्ने र खोलिने ठेगाना:**

## राष्ट्रिय कृषक समूह महासंघ नेपाल, मधेश प्रदेश कार्यालय

लहाननन.पा. वडानं.– १, सिरहा (लहान NCELL center छेउमा रहेको तरकारी बजार भन्दा ५० मिटरभित्र)

फोन न. ०३३–५६४०७३

*अवैध स्वास्थ्य...*

किलोमिटर दक्षिणमा एक घर भाडामा लिएर अवैध गर्भपतन गराएको आरोपमा धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-२, सिनुजोडाका ४५ वर्षीय लालबाबुराय यादव पक्राउ परेका छन् ।

यादवमाथि सर्लाही जिल्ला अदालतबाट इलाससम्बन्धी कसुरमा पाँच दिन म्याद थप गरी अनुसन्धान भइरहेको छ। यादवले मुख्य बजार छलेर लुकीछिपी अवैध रूपमा सञ्चालन गरिरहेको स्वास्थ्य संस्थाबाट गर्भपतन गराउन प्रयोग हुने औषधी र उपकरणसमेत फेला परेको स्वास्थ्य कार्यालय सर्लाहीका प्रमुख डा. नवलकिशोर झाले बताउनुभयो ।

कानुनमा महिलाले अधिकारप्राप्त स्वास्थ्य संस्थामा गएर १० हप्तासम्मको गर्भ सुरक्षित रूपमा गर्भपतन गराउन सक्ने व्यवस्था छ। त्यसका लागि स्थानीय पालिका तथा स्वास्थ्य कार्यालयमा सम्बन्धित संस्था र गर्भपतन गराउने कार्यमा संलग्न स्वास्थ्यकर्मी सूचीकृत हुनुपर्ने कानुनी व्यवस्था छ ।

स्वास्थ्य संस्थाको अनुगमन गरिरहनुभएका सहायक प्रजिअ घिमिरेले अवैध रूपमा सञ्चालित स्वास्थ्य संस्थामा गर्भपतन गराउँदा महिलाको समेत ज्यान जोखिममा पर्नेबारे सबैले सचेतना जगाउन जरुरी देखिएको बताउनुभयो । आफूहरूले अनुगमन गर्दा त्यस्ता अवैध स्वास्थ्य संस्थामा दैनिक ठुलो संख्यामा महिला पुग्ने गरेको कागजात नै पाइएको सहायक प्रजिअ घिमिरेको भनाइ छ।

अनुगमनमा सरिक भइरहनुभएका प्रादेशिक अस्पताल मलङ्गवाका स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. अविनाश सिंहले इच्छाविपरीत बसेको गर्भ १० हप्तासम्म आधिकारिक स्वास्थ्य संस्थाबाटै गराउन सकिने व्यवस्था रहेकाले त्यसका लागि अवैध स्वास्थ्य संस्थामा नजान आग्रह गर्नुभएको छ। जिल्लाका सरकारी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमा समेत सुरक्षित गर्भपतनको व्यवस्था रहेको डा. सिंहले बताउनुभयो ।

तर सरकारी स्वास्थ्य संस्थामा जाँदा सामाजिक प्रतिष्ठामा आँच पुग्ने भन्दै अधिकांश महिला गर्भपतनका लागि लुकिछिपी सञ्चालन गरिएका अवैध स्वास्थ्य संस्थामा पुग्ने परिपाटी रहेको आधिकारिक स्वास्थ्यकर्मीले बताएका छन् ।

# सीमामा कडाइपछि रक्सौल सुनसान, वीरगञ्जमा चहलपहल

**दिपकप्रसाद गौतम**

वीरगञ्ज, १८ वैशाख। नेपाल-भारत सीमामा गरिएको कडाइका कारण सीमावर्ती भारतीय बजार रक्सौलमा नेपाली ग्राहकको आवतजावत घटेको छ भने नेपाली बजारमा किनमेल गर्ने ग्राहकको संख्या बढेको छ। सरकारले वैशाख २ गतेदेखि भन्सार नियम कडाइका साथ कार्यान्वयन गर्दै सय रुपियाँभन्दा बढी मूल्यका सामान ल्याउँदा अनिवार्य रूपमा भन्सार शुल्क लाग्ने व्यवस्था लागू गरेपछि सीमाक्षेत्रको व्यापारिक गतिविधिमा असर परेको हो ।



वीरगञ्जको सीमावर्ती भारतीय बजार रक्सौलमा यसअघि वीरगञ्ज, जीतपुरसिमरा, पथलैया, निजगढ, हेटौँडा, नारायणगढ, पोखरा र काठमाडौँसम्मका उपभोक्ता किनमेलका लागि पुग्ने गरेका थिए। तर सीमामा कडाइ बढेपछि नेपाली उपभोक्ताको प्रमुख किनमेल गन्तव्य बनेको रक्सौल बजार अहिले सुनसानजस्तै बनेको छ।

रक्सौल बजारमा नेपाली उपभोक्ताले विशेषगरी खाद्यान्न, लत्ताकपडा, इलेक्ट्रोनिक्स सामग्री, कृषि सामग्री, मल तथा बिउबिजन खरिद गर्ने गरेका थिए। यसअघि खुला सीमा र कमजोर निगरानीका कारण दैनिक रूपमा हजारौँ नेपाली उपभोक्ता रक्सौल पुग्ने गरेका थिए। अहिले निगरानी बढेपछि ग्राहक संख्या ह्वात्तै घटेको व्यापारीहरूको भनाइ छ। खुला सीमाको फाइदा उठाउँदै सानो परिमाणमा सामान ढुवानी गर्ने तथा अनौपचारिक व्यापार व्यापक रूपमा हुने गरेको थियो। सुरक्षा निगरानी कमजोर हुँदा तस्करीसमेत बढेको आरोप स्थानीय स्तरमा लाग्दै आएको थियो ।

पछिल्लो समय सीमामा कडाइ बढेपछि यस्ता अनौपचारिक कारोबार अधिकांश रूपमा रोकिएका छन्। यसको प्रत्यक्ष असर रक्सौलका व्यापारीमा परेको छ। नेपाली ग्राहकमा निर्भर व्यवसायीहरू ग्राहकको प्रतीक्षामा बस्न बाध्य भएका छन्। बिक्री घटेसँगै आर्थिक संकट झेल्नु परेको गुनासो उनीहरूको छ। वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले सय रुपियाँभन्दा बढी मूल्यका सामान ल्याउँदा अनिवार्य रूपमा भन्सार शुल्क तिर्नुपर्ने व्यवस्था व्यवहारिक नभएको बताउँदै कार्यान्वयन गर्न सकिने ऐन बनाउनुपर्ने तर्क गर्नुभयो ।

उहाँका अनुसार नेपालको करिब एक हजार सात सय किलोमिटर खुला सीमाक्षेत्र आसपास बजार रहेका छन् र त्यहाँका २० देखि २२ लाख व्यक्ति सामान ओसारपसार तथा खरिद-बिक्रीसँग जोडिएका छन्। सीमाक्षेत्रमा यस्तो अवैध कारोबारमा संलग्न व्यक्तिहरूलाई वैकल्पिक रोजगारी तथा नगदेबाली, तरकारी खेतीजस्ता पेशातर्फ क्रमशः रूपान्तरण गर्नुपर्ने उहाँको सुझाव छ ।

उहाँले भन्नुभयो, "उता र यता उपभोग्य सामानको मूल्यमा यति फरक किन छ भन्ने विषयमा अनुसन्धान हुनुपर्छ। भन्सार वा भ्याट घटाएर भए पनि सामानको मूल्यमा धेरै अन्तर नहुने व्यवस्था गर्नुपर्छ।" हचुवाको भरमा यस्ता ऐन-कानुन लागू नगरी कार्यान्वयन हुने गरी गृहकार्य गरेर मात्र लागू गर्नुपर्ने उहाँको भनाइ छ। अन्यथा अवैध कारोबार मुख्य बाटोबाट हटेर अन्य माध्यमबाट अझ बढ्न सक्ने उहाँले दाबी गर्नुभयो ।

वीरगञ्जको मिना बजारस्थित सचिन एण्ड विशाल किराना पसलका सञ्चालक कृष्णकुमार साहले सरकारले भन्सारमा गरेको कडाइलाई सकारात्मक रूपमा लिनुभएको छ। उहाँले भन्नुभयो, "भन्सारमा कडाइ नहुँदा ग्राहक सस्तो सामानको आशमा रक्सौल जान थालेपछि धेरै किराना पसल बन्द भएका थिए। अहिले बिक्री केही बढेको छ।" वीरगञ्ज उद्योग वाणिज्य संघका सचिव प्रेमचन्द्र गोयलले पनि सीमामा सय रुपियाँभन्दा बढी मूल्यका सामान ल्याउँदा भन्सार शुल्क तिर्नुपर्ने व्यवस्था कडाइका साथ लागू गर्नु सकारात्मक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सरकारले पारी दस रुपियाँमा पाइने वस्तु यहाँ १२ रुपियाँमै उपलब्ध गराउने वातावरण बनाउनुपर्छ। यहाँ २० रुपियाँ पर्ने भएपछि उपभोक्ता सस्तो बजारतर्फ जान्छन् ।" घण्टाघरछेउ पानगल्लीस्थित नारायणी मेसिनरी ट्रेडर्सका सञ्चालक किशन अग्रवालले वैध कारोबार गर्ने व्यवसायी सरकारको निर्णयबाट खुसी रहेको बताउनुभयो। "सुरुमा केही असहज भए पनि दीर्घकालीन रूपमा यो निर्णय राम्रो हुनेछ," उहाँले भन्नुभयो ।

वीरगञ्जको नगवास्थित लिला स्टोरका सञ्चालक धिरज साहले भारतीय उत्पादनहरू अवैध बाटोबाट भित्रिने क्रम घटेको बताउनुभयो। उहाँका अनुसार सरकारले पछिल्लो समय गरेको कडाइले वैध कारोबारलाई सहयोग पुगेको छ। सशस्त्र प्रहरी बल नम्बर १३ गणअन्तर्गत सीमा सुरक्षा गुल्मका प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक विकास अधिकारीले सय रुपियाँभन्दा बढी मूल्यका सबै सामानमा अनिवार्य भन्सार शुल्क लागू नभएको स्पष्ट पार्नुभयो ।

उहाँका अनुसार घरायसी प्रयोजनका सामान तथा विवाह, व्रतबन्धजस्ता शुभकार्यका लागि ल्याइने सामग्रीमा सहजीकरण गरिएको छ। "हामीले व्यापारिक उद्देश्यले ल्याइने सामग्रीमा कडाइ गरेका हौँ," उहाँले भन्नुभयो। यता नेपालतर्फ वीरगञ्ज बजार पनि आन्तरिक कारणले प्रभावित बनेको छ। वैशाख ६ गतेदेखि मुख्य सडक विस्तारका क्रममा डोजर चलाइएपछि बजार क्षेत्र अस्तव्यस्त बनेको छ। सडक विस्तारका कारण धेरै व्यापारी विस्थापित भएका छन् भने केहीले अस्थायी रूपमा व्यापार सञ्चालन गरिरहेका छन् ।

# मधेशमा लागु औषध सेवनकर्ता खोजी तथा सुधार महाअभियान सुरु

**लक्ष्मी चौधरी**

जनकपुरधाम, १८ वैशाख। मधेश प्रदेश प्रहरी कार्यालयले लागु औषध नियन्त्रणका लागि लागु औषध सेवनकर्ता खोजी एवं सुधार महाअभियान सञ्चालनमा ल्याएको छ। मधेश प्रहरी कार्यालयले सो अभियान अन्तर्गत शुक्रबार प्रदेशका आठै जिल्लाका प्रहरी प्रमुख तथा मातहतका प्रहरी चौकीहरूलाई ब्रिफिङ गर्दै प्रहरी नायब महानिरीक्षक गोविन्द थपलियाले अभियानको औपचारिक सुरुवात भएको जानकारी दिएको हो।

अभियान अन्तर्गत सिमानाकामा लागुऔषध परीक्षण केन्द्र स्थापना गरिने छ भने 'ड्रग टेस्ट किट' को प्रयोगमार्फत व्यक्तिले लागु औषध सेवन गरेको छ वा छैन भन्ने पहिचान गरिने छ। सिमानाका क्षेत्रमा नियमित आवतजावत गर्ने युवायुवतीको तथ्याङ्क सङ्कलन गरी निगरानीसमेत गरिने योजना रहेको छ। त्यस्तै, लागु औषध सेवनकर्तालाई सीमा नाकामै एक घण्टे सचेतनामूलक कार्यक्रममार्फत प्रशिक्षण दिइने छ। साथै, उनीहरूको अभिलेख विवरण तयार गरी नियमित रूपमा ट्र्याकिङ गर्ने व्यवस्था समेत मिलाइने प्रदेश प्रहरी कार्यालयले जनाइएको छ। प्रदेश प्रहरीका अनुसार अभियानलाई प्रभावकारी बनाउन प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय तथा विभिन्न सरकारी एवम् गैरसरकारी संघसंस्थासँग सहकार्य गरिने छ। लागु औषध सेवनकर्ताको उपचार, सुधार र सामाजिक पुनर्स्थापनाका लागि खेलकुद, मनोरञ्जन, सीपमूलक तालिम तथा रोजगारीमूलक कार्यक्रमहरू समेत सञ्चालन गरिने छन्। यसैगरी, लागुऔषध ओसारपसार तथा कारोबारमा संलग्न औषधी पसल, अन्य स्थान र मुख्य कारोबारीलाई निगरानीमा राखी कडा कानुनी कारबाहीका लागि चेतावनी समेत दिइएको छ।

# सकियो ग्रामीण चलचित्र महोत्सव, 'मोहर' उत्कृष्ट चलचित्र

**जनार्जन खत्री**

सर्लाही, १८ वैशाख। पहिलो पटक मधेश प्रदेशमा आयोजित ग्रामीण चलचित्र महोत्सवको समापन गरिएको छ। सेलिब्रेटी नेपाल प्रतिष्ठानले सर्लाहीको चन्द्रनगर गाउँपालिकासँग समन्वय गरी पर्यटकीयस्थल नाढीमनताल परिसरमा आयोजना गरेको पाँचौँ नेपाल ग्रामीण चलचित्र महोत्सवको बिहीबार साँझ समापन गरिएको हो। उत्कृष्ट चलचित्र, कलाकार, निर्देशकलगायतलाई सम्मान गर्दै चलचित्र महोत्सवको समापन गरिएको आयोजक सेलिब्रेटी नेपाल प्रतिष्ठानका अध्यक्ष रघुनाथ सापकोटाले जानकारी दिनुभयो ।

महोत्सवमा ग्रामीण परिबेसमा बनेका सर्ट फिल्म, डकुमेन्ट्री, फिचर फिल्म र विभिन्न भाषाभाषीका चलचित्र प्रदर्शन गरिएको थियो। त्यसमध्ये उत्कृष्टलाई पुरस्कृत गरिएको हो। महोत्सवमा उत्कृष्ट चलचित्र अवार्ड 'मोहर' चलचित्रलाई प्रदान गरिएको छ। त्यस्तै, उक्त चलचित्रका निर्देशक ओमप्रतिक गुरुङलाई उत्कृष्ट निर्देशकको अवार्ड प्रदान गरिएको छ ।

उत्कृष्ट अभिनेताको रुपमा 'गुन्योचोलो' का नायक नाजिर हुसेन र उत्कृष्ट अभिनेत्रीको रुपमा 'कोशेढुङ्गा' की अभिनेत्री सुरक्षा पन्त सम्मानित हुनुभएको छ। उत्कृष्ट स्क्रिन प्ले समुन्द्र भट्ट र नाजिर हुसेन 'गुन्योचोलो', जुरी अवार्ड निर्देशक मिलन तामाङ 'माइतीघर', इन्करेज्मेन्ट अवार्ड मन्जिल कुमार 'कोशेढुङ्गा', उत्कृष्ट सम्पादक नहकुल खड्का 'कोशेढुङ्गा', उत्कृष्ट छाँयाकार बाबु श्रेष्ठ 'कोशेढुङ्गा', उत्कृष्ट आदिवासी चलचित्र किरण राई निर्देशित 'नाक्छेङ्ग' र उत्कृष्ट सर्ट फिल्म अवार्ड निर्मल पौडेल निर्देशित 'निलो आकाश' लाई प्रदान गरिएको छ।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राजकुमार महतो, हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकी, चलचित्र निर्माता छवि ओझालगायत भएर अवार्ड हस्तान्तरण गर्नुभएको छ। वैशाख १५, १६ र १७ गते तीन दिन महोत्सवको कार्यक्रम तय गरिए नि पानी र हावाहुरीका कारण अधिकांश कार्यक्रम प्रभावित भएका थिए ।

# मजदुर दिवसमै मजदुरलाई छाकको चिन्ता

राजविराज, १८ वैशाख। विश्व मजदुर दिवस मनाइरहँदा सप्तरीका दैनिक ज्यालादारी मजदुर भने काम नपाएर छाक टार्ने चिन्तामा परेका छन्। सप्तरीको रुपनी गाउँपालिका-निवासी ५२ वर्षीय सोमनाथ यादव नियमितझैँ शुक्रबार बिहान मजदुरीको खोजीमा राजविराजस्थित मजदुर हटियामा पुग्नुभयो। उहाँसँगै राजविराज-९ का कैलु सदा पनि कामको आशामा बिहानैदेखि गजेन्द्र चोकमा पर्खिरहनुभयो। तर दिउँसोसम्म पनि काम नपाएपछि दुवै जना रित्तै घर फर्किन बाध्य हुनुभयो।"आज घरमा चामल कसरी लैजाने, के खाने भन्ने चिन्ता छ," कैलुले आँखाभरि आँसु पार्दै भन्नुभयो।राजविराजको गजेन्द्र चोक आसपासमा दैनिक लाग्ने मजदुर हटियामा सोमनाथ र कैलुजस्तै सयौँ मजदुर बिहानदेखि कामको प्रतीक्षामा बस्ने गरेका छन्। तर अधिकांशले नियमित काम पाउन नसक्दा जीवनयापन कठिन बन्दै गएको छ।स्थानीय व्यवसायी थानसिंह भन्सालीका अनुसार यहाँ भेला हुनेमध्ये करिब ७५ प्रतिशत मजदुर दैनिक काम नपाएर खाली हात घर फर्किन्छन्। सामान्य निर्माण, सरसफाइ तथा कृषि कार्यका लागि मजदुर खोज्न आउनेहरू यहीँबाट कामदार लैजाने गर्छन्।मजदुर श्यामसुन्दर खङ्गका अनुसार काम पाए दिनभरि काम गरेर सातदेखि आठ सय रुपियाँसम्म आम्दानी हुने गरेको छ। "महिनामा करिब १० दिन मात्र काम पाइन्छ, बाँकी दिन खाली बस्नुपर्छ," उहाँले भन्नुभयो। दैनिक १५० देखि २०० मजदुरसम्म भेला हुने यस स्थानमा काम पाएको दिन परिवारका लागि खाद्यान्न जुटाउन सहज हुने भए पनि काम नपाएको दिन भोकै बस्नुपर्ने अवस्था आउने गरेको मजदुर अजय सदाले बताउनुभयो ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)